गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
लमजुङ

प.सं : ०८०/८१
च.नं :

फोन नं : ०६६-५२०१३१

# आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०८/०४

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालनका लागि देहाय अनुसारका न्यूनतम शर्तहरु पुरा गर्ने ईच्छुक कृषक/कृषि फर्म/ कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थालाई आवश्यक कागजातहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिएको ढाँचामा यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल:</u>

| क्र.सं | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | कुल बजेट | अनुदान प्रतिशत/ प्रोत्साहनको दर | आवश्यक न्यूनत शर्तहरु तथा अन्य विषयहरु |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदान (दूधमा) | ४ पटक | २० लाख | प्रति लिटर अधिकतम रु २.५ उपलब्ध गराईने | • आवेदक दुग्ध सहकारी संस्था हुनुपर्ने।<br>• आवेदकले संस्थागत रुपमा वा पाश्चुराईज तथा सिलबन्दी प्याकेजिङ गरी दुध बिक्री गर्ने गरेको हुनुपर्ने।<br>• आवेदक दैनिक कम्तीमा २०० लिटर र वार्षिक कम्तीमा २०० दिन दुधको कारोबार गर्ने हुनुपर्ने। |
| २ | महामारी रोगका कारण क्षति व्यहोरेका बंगुर फर्मको व्यवसायिकता विकास सहयोग | २ पटक | १६ लाख | क्षतिको अनुपातमा अधिकतम ५० वटा पाठापाठी खरिदको लागि प्रति पाठापाठी बढीमा रु ४ हजार उपलब्ध गराईने | • गत आ.व.मा वा चालु आ.व.मा अफ्रिकन स्वाईन फिभर/ क्लासिकल स्वाईन फिभर/ पि.आर.आर.एस. जस्ता संक्रामक एवम् महामारीजन्य रोगबाट बंगुरहरुको मृत्यु भई क्षति पुगेका वा रोग निदान हुन नसकी बंगुरहरुको मृत्यु भएका फर्म/समूह/ सहकारीहरुले आवेदन दिन सक्ने। |
| ३ | मासु उत्पादनमा आधारित प्रोत्साहन सहयोग (खसीबोका) | १०० मे.टन | २० लाख | प्रति के.जी. रु २० र प्रति संस्था अधिकतम रु १० लाख | • आवेदक पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्था हुनुपर्ने।<br>• आवेदकले संस्थागत रुपमा कम्तीमा ३ मे.टन जीवित तौल बराबरको खसीबोका बिक्री गर्ने हुनुपर्ने।<br>• बिक्री गरिने खसीबोकाको पहिचानको लागि ट्यागिङ गर्नुपर्ने। |
| ४ | बाँझो जग्गामा घाँस खेती प्रवर्द्धन कार्यक्रम | ६०० रोपनी | १८ लाख | प्रति रोपनी अधिकतम रु ३ हजार प्रोत्साहन रकम उपलब्ध गराईने | • आवेदक कृषक/फार्म/समूह/समिति/सहकारी संस्था हुनुपर्ने।<br>• पहिले खेती गरिएको र विविध कारणले कम्तीमा तीन वर्ष देखि बाँझो रहेका वा हालसम्म खेती नगरिएका खेतीयोग्य न्यूनतम ३ रोपनी बाँझो जग्गामा घाँस खेती गर्नुपर्ने।<br>• भाडामा जग्गा लिई घाँस खेती गर्नेको हकमा एक वर्षे भुईं घाँस लगाउने भए कम्तीमा ५ वर्षको र बहुवर्षे भुईं घाँस तथा डाले घाँस लगाउने भए कम्तीमा १० वर्षको करार सम्झौता पेश गर्नुपर्ने। |
| ५ | मागमा आधारित घुम्ती गोठ तथा खर्क व्यवस्थापन कार्यक्रम | ३ पटक | १२ लाख | अधिकतम ९० प्रतिशत | • आवेदक कृषक समूह/सहकारी संस्था हुनुपर्ने। |

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
लमजुङ

प.सं : ०८०/८१
च.नं :

फोन नं : ०६६-५२०१३१

आवश्यक कागजातहरु:

क) रु १० को टिकट टाँस गरेको निवेदन

ख) तोकिएको ढाँचामा भरेको प्रस्ताव

ग) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि

घ) सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, गत आ.व.को लेखापरीक्षण प्रतिलिपि

ङ) समूह/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि

च) पान दर्ताको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

छ) अघिल्लो दुई आ.व.मा कुनै कार्यालयवाट अनुदान प्राप्त गरे नगरेको स्वघोषणा पत्र

ज) सम्वन्धित वडाको र पालिकाको पशु सेवा शाखाको सिफारिस

झ) कार्यक्रमगत थप आवश्यक पर्ने कागजात:

- उत्पादनमा आधारित अनुदान (दूध) को लागि अघिल्लो आ.व.को दूधको कारोबारको अभिलेख।
- मासु उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको लागि खरिदकर्ता (मासु पसल, संकलन केन्द्र, मासु प्रशोधन केन्द्र) सँगको सम्झौताको प्रतिलिपि।
- वाँझो जग्गामा घाँस खेती प्रवर्द्धन कार्यक्रमको लागि वडा कार्यालयवाट विगत ३ वर्ष देखि खेतीयोग्य जग्गा बाँझो रहेको भन्ने व्यहोराको सिफारिस।
- महामारी रोगका कारण क्षति व्यहोरेका वंगुर फर्मको व्यवसायिकता विकास सहयोग कार्यक्रमको लागि रोग लागि क्षति भएको वंगुरको वास्तविक परिमाण तथा क्षतिको रकम खुलेको विवरण र छरछिमेकले गरेको मुचुल्का, स्थानीय तहको पशु सेवा शाखाबाट रोग निदान भएको हकमा रोगको नाम र रोग निदान नभएको हकमा सम्भावित कारण सहितको सिफारिस।

*पुनश्चः उल्लेखित कार्यक्रमहरु "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र कार्यक्रम संचालनसँग सम्बन्धित मापदण्डहरु अनुसार कार्यान्वयन हुनेछन्। उल्लेखित कार्यविधि तथा सम्बन्धित मापदण्डहरु यस कार्यालयको वेबसाईट vhlseclamjung.gandaki.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ।*

डा. सुनिल न्यौपाने
पशु विकास अधिकृत (अधिकृतस्तर आठौं)
नि. कार्यालय प्रमुख

इमेल : vhl.lamjung@gmail.com
वेब-साईट: www.vhlseclamjung.gandaki.gov.np